लोक सेवा आयोग

नेपाल आर्थिक योजना तथा तथ्याङ्क, कृषि, वन, इन्जिनियरिङ्ग, **शिक्षा (परीक्षण तथा मूल्याङ्कन समूह, कर्मचारी परीक्षण तथा मूल्याङ्कन उपसमूह** ) र विविध सेवाका सबै समूह /उपसमूहका राजपत्रांकित द्वितीय श्रेणी (उपसचिव वा सो सरह पद) को खुला र आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

यस पाठ्यक्रमलाई दुई भागमा विभाजन गरिएको छ ।

भाग १ - लिखित परीक्षा पूर्णाङ्क : २००

भाग २ - अन्तर्वार्ता पूर्णाङ्क : ३०

## **परीक्षा योजना** (Examination Scheme)

| पत्र | विषय | खण्ड | प्रश्न संख्या | अङ्क भार | परीक्षा प्रणाली | समय | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|
| प्रथम | प्रशासन र व्यवस्थापन र सेवा सम्बन्धी सामान्य विषय | (क) प्रशासन र व्यवस्थापन | १० | १०×५=५० | छोटो छोटो उत्तर | १.३० घण्टा | ५० | ४० |
| | | (ख) सेवा सम्बन्धी सामान्य विषय | ५ | ५×१०=५० | लामो उत्तर | १.३० घण्टा | ५० | |
| द्वितीय | सेवा सम्बन्धी प्राविधिक विषय | | ४ | ४×१५=६० | विश्लेषणात्मक समीक्षा | ३ घण्टा | १०० | ४० |
| | | | २ | २×२०=४० | विश्लेषणात्मक र समाधानमूलक उत्तर | | | |

१. माथि उल्लिखित सवै सेवा अन्तर्गतका समूह/उपसमूहहरुको पाठ्यक्रमको प्रथम पत्र खण्ड (क) को विषयवस्तु एउटै हुनेछ ।

२. प्रथम पत्र खण्ड (क) को लिखित परीक्षा सेवागत रुपमा अर्थात् एउटा सेवा अन्तर्गतका समूह/उपसमूहका लागि संयुक्त रुपमा एउटै प्रश्नपत्रवाट एकैदिन वा छुट्टाछुट्टै प्रश्नपत्रवाट छुट्टाछुट्टै दिन पनि हुन सक्ने छ भने प्रथम पत्र खण्ड (ख) को परीक्षा समूह/उपसमूह अनुसार एकैदिन वा अलग अलग दिन छुट्टाछुट्टै प्रश्नपत्रवाट हुनेछ । यसैगरी द्वितीय पत्रको परीक्षा पनि समूह/उपसमूह अनुसार एकैदिन वा अलग अलग दिन छुट्टाछुट्टै प्रश्नपत्रबाट हुनेछ ।

३. प्रथम पत्र खण्ड (क) को लागि एउटा मात्र उत्तरपुस्तिका हुनेछ भने प्रथम पत्र खण्ड (ख) र द्वितीय पत्रका प्रत्येक प्रश्नका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन् ।

४. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ ।

५. यथासम्भव प्रश्नहरु नेपालको सन्दर्भमा सोधिने छन् ।

६. समस्या समाधानको उत्तर आवश्यकता अनुसार निम्नानुसार चार भागमा विभाजन गरी प्रस्तुत गर्नु पर्नेछ ।
   (क) पहिलो भागमा समस्याको पहिचान ।
   (ख) दोस्रो भागमा समस्या समाधानको लागि मौजुदा सरकारी नीति र कार्यक्रम ।
   (ग) तेस्रो भागमा समस्या समाधानको लागि सुझाव ।
   (घ) चौथो भागमा सुझाव कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने ठोस तरिका ।

७. यस पाठ्यक्रममा जेसुकै लेखिएको भएता पनि पाठ्यक्रममा परेका ऐन, नियमहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी संशोधन भई ) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

८. पाठ्यक्रम लागू मितिः- २०६१।८।२९ गते

PUBLIC SERVICE COMMISSION

लोक सेवा आयोग

नेपाल आर्थिक योजना तथा तथ्याङ्क, कृषि, वन, इन्जिनियरिङ्ग, **शिक्षा (परीक्षण तथा मूल्याङ्कन समूह, कर्मचारी परीक्षण तथा मूल्याङ्कन उपसमूह** ) र विविध सेवाका सबै समूह /उपसमूहका राजपत्रांकित द्वितीय श्रेणी (उपसचिव वा सो सरह पद) को खुला र आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

**प्रथमपत्र खण्ड (क) प्रशासन र व्यवस्थापन** **अङ्क – ५०**

१. राज्य र सरकार
- १.१ व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका बीचको अन्तरसम्बन्ध
- १.२ सार्वजनिक नीति तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन
- १.३ विद्यमान नेपालको संविधान

२. सार्वजनिक प्रशासन
- २.१ सार्वजनिक प्रशासनको अवधारणा
- २.२ कर्मचारी प्रशासनका आधारभूत पक्षहरु
- २.३ आर्थिक प्रशासन- बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन

३. व्यवस्थापन
- ३.१ व्यवस्थापनको अवधारणा
- ३.२ व्यवस्थापनमा नेतृत्व, उत्प्रेरणा, नियन्त्रण र समन्वयको महत्व
- ३.३ व्यवस्थापन सूचना प्रणाली

४. विकासका आयामहरु
- ४.१ विकास प्रशासनको अवधारणा
- ४.२ विकासमा जनसहभागिता
- ४.३ आवधिक योजना
- ४.४ दिगो विकास
- ४.५ विकेन्द्रीकरण
- ४.६ गरीबी निवारण
- ४.७ सुशासन
- ४.८ विकासमा गैरसरकारी संस्थाको भूमिका
- ४.९ जनसंख्या र बसाँईसराई

५. लोकतन्त्र र मानव अधिकार
- ५.१ लोकतन्त्र र समावेशीकरण
- ५.२ कानुनी राज्य
- ५.३ मानव अधिकार
- ५.४ लैंगिक सवाल (Gender Issues)
- ५.५ आरक्षण र सकारात्मक विभेद
- ५.६ प्रतिनिधित्वको सिद्धान्त र समानुपातिक प्रतिनिधित्व

६. नेपाली समाज र यस्को बनोट
- ६.१ नेपालका विविध जात/जाति/वर्ग/समुदायहरुको सामाजिक, आर्थिक, सांस्कृतिक र धार्मिक अवस्था र रहनसहन
- ६.२ आदिवासी, जनजाती, मधेशी, दलित, अपाङ्ग र महिलाहरुको वर्तमान अवस्था, उत्थानका प्रयासहरु, समस्या, समाधान र सम्भावनाहरु

ऽ **समाप्त** ऽ

PUBLIC SERVICE COMMISSION

लोक सेवा आयोग

नेपाल आर्थिक योजना तथा तथ्याङ्ग, कृषि, वन, इन्जिनियरिङ्ग, **शिक्षा (परीक्षण तथा मूल्याङ्कन समूह, कर्मचारी परीक्षण तथा मूल्याङ्कन उपसमूह** ) र विविध सेवाका सबै समूह /उपसमूहका राजपत्रांकित द्वितीय श्रेणी (उपसचिव वा सो सरह पद) को खुला र आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

**खण्ड (ख) सेवा सम्वन्धी सामान्य विषय** **अंक:- ५०**

१. ऐन नियम

१ निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५०

२ लोक सेवा आयोग ऐन, २०६६ र नियमावली,२०६७

३ आर्थिक कार्यविधि ऐन, २०५५ र आर्थिक कार्यविधि नियमावली, २०६४

४ नेपाल शिक्षा सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति सम्बन्धी) नियमहरु, २०५०

२. विविध

१ कर्मचारीतन्त्र (Bureaucracy) को ऐतिहासिक अवधारणा र यसका विकल्पहरु

२ योग्यता प्रणाली (Merit System) को विश्वव्यापी अवधारणा ।

३. योग्यता प्रणालीको संरक्षण र विकासक्रममा विभिन्न मुलुकमा लोक सेवा आयोग/निजामती सेवा आयोग (Public/Civil Service Commissions) को प्रादुर्भाव र कार्यहरुबारे सामान्य जानकारी

४. रोजगारीको समान अवसर (Equal Employment opportunity) र सकारात्मक विभेदको (Positive Discrimination) सैद्धान्तिक र व्यवहारिक पक्ष ।

५. नेपालमा निजामती सेवाको विकासक्रम, वर्तमान अवस्था, समस्या र सम्भावनाहरु

६ नेपालको निजामती सेवामा लोक सेवा आयोगको भूमिका

७. चालू आवधिक योजनामा लोक सेवा आयोग सम्बन्धी विषयहरु

८. जनशक्ति योजना (Manpower Planning)

PUBLIC SERVICE COMMISSION